# नेपाल बार एशोसिएशन
## महिला समिति

२०७७ फागुन ०४ गते ।

माननीय गृह मन्त्रीज्यू
गृह मन्त्रालय, सिहदरवार
काठमाडौं नेपाल

**विषय: बलत्कार लगायतका महिला हिंसा, अपराध नियन्त्रण र सरकारको जवाफदेहिता सम्बन्धमा ।**

बलत्कार अर्थात महिला हिंसा एक गम्भिर प्रकृतिको अपराध हो । नेपालमा आसुरी शक्तिको रुपमा वढ्दै गएको बलात्कार लगायतका अपराधले संगठित रुपमा भयावह वातावरण श्रृजना गरेको छ । महिलाहरुले सुरक्षितसाथ बाच्न पाउने सवालमा स्कूल गएका छोरीहरु, वन गएका दिदीबहिनी, घर समालिरहेका गृहणी वा कार्यालयमा गएका महिला कर्मचारीहरू जो कोही पनि ढुक्क हुन सकिरहेका छैनन् र सुरक्षित छैनन् । महिलाले राज्यको अभिभावकत्व अनुभुति गर्न पाइरहेका छैनन किनकी सरकारले संरक्षण गर्न सकिरहेको छैन । आफ्नैहरुबाट बलत्कृत भइ मर्न बाध्य भइरहेका निर्मला पन्त र भागरथी भट्ट प्रतिनिधी पात्र मात्र हुन् । वि.सं. २०७५ देखि २०७७ सम्ममा ६ हजार ८ सय ४४ महिलाहरू माथि बलात्कार भएको प्रहरी तथ्याङ्क सार्वजनिक भएको छ जसमा ३३४६ बालिका बलात्कृत भएका छन् र अपराध लुकाउन १७ जनाको हत्या भएका छन् । यसरी बालिका तथा महिलाहरु माथि भैरहेको श्रृखलावद्ध बलात्कारको घटना, बलात्कारपछिको हत्या र बलात्कारीलाइ कानूनी कारवाही भित्र ल्याउनुको सट्टा बलात्कारी र हत्यारा पत्ता लगाउनै नसक्नुले राज्यसंयन्त्र नागरिकको जीवनरक्षाको दायित्वप्रति कति लापर्बाह छ भन्ने पुष्टि भएको छ ।

कुनै पनि व्यक्ति आत्मसम्मानपुर्वक स्वतन्त्र रुपमा बाँच्न पाउने, हिडडुल गर्न पाउने र हिंसा विरुद्ध समयमै न्याय पाउने जीवनको अन्तरनिहीत अधिकार हो भने सो अधिकारको संरक्षण गर्नु, सम्मान गर्नु र परिपूर्ति गर्नु राज्यको संवैधानिक तथा मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय दस्तावेजहरुले सृजित गरेको दायित्व हो । राज्य आफ्नो दायित्वप्रति जिम्मेवारी र जवाफदेहि हुन नसकेर देशमा बलात्कारीको मनोबल बढिरहेको र सरकार र राज्य संयन्त्रमाथिको


रक्षा बस्याल
अध्यक्ष

कल्पना भण्डारी
सचिव

अन्जु कायस्थ
सदस्य

बिना कुमारी सिंह चौधरी
सदस्य

रक्षा बस्याल
अध्यक्ष

कल्पना भण्डारी
सचिव

अन्जु कायस्थ
सदस्य

बिना कुमारी सिंह चौधरी
सदस्य

नागरिकको विश्वास र भरोसा घटिरहेको अवस्थापर्ति हामी कानुन व्यवसायि महिलाहरुको गम्भिर आपत्ति छ ।

कानूनको उचित कार्यान्वयन गर्न राज्य प्रशासन चुक्दै जाने हो र दण्डहिनतालाई प्रश्रय दिंदै जाने हो भने बलात्कार घटनाका श्रृंखलाहरु रोकिन्नन् । बलात्कार जस्तो जघन्य, अमानवीय र नीच घटनाका अपराधी र उसलाई जोगाउन खोज्ने समाज तथा बलत्कारीलाई राजनीतीक संरक्षण दिने व्यक्तिहरुलाई कारबाहीको दायरामा ल्याउन राज्य संयन्त्रको उपस्थिति दह्रो र निष्पक्ष हुनु पर्छ । बलात्कारका एउटै पनि घटना नहोउन् भन्नेतर्फ राज्यको ध्यान जान आवश्यक छ । यस्ता घटनामा नागरिक तथा अन्तराष्ट्रिय समुदायले समेत जवाफदेहि सरकारको अपेक्षा गरेको छ । त्यसर्थ बैतडीको दोगडाकेदार–३ स्थित भागरथी भट्ट तथा कन्चपुरका निर्मला पन्त लगायतका घटनाका बलात्कारी र बलत्कारी हत्याराहरुलाइ सिघ्र कानूनी दायरामा ल्याइ पर्भावकारि अनुसन्धान गरि कारवाही गर्नुका साथै पीडित र पीडित परिवारलाई उचित न्याय पाउनका लागि हामी कानून व्यवसायी महिलाहरू जोडदार माग गर्दछौं ।

अधिबक्ता रक्षा बस्याल
अध्यक्ष
नेपाल बार एशोसिएशन महिला समिति

अधिबक्ता अन्जु कायस्थ
सदस्य, नेपाल बार एशोसिएशन महिला समिति

अधिबक्ता सर्मिला श्रेष्ठ
अध्यक्ष, कानून व्यवसायी महिला समिति सर्वोच्च बार एशोसिएशन

अधिबक्ता सरस्वति शाह
अध्यक्ष, कानून व्यवसायी महिला समिति उच्च बार एशोसिएशन पाटन

अधिबक्ता लक्ष्मि सापकोटा
कानून व्यवसायी महिला समिति काठमाणडा जिल्ला बार एशोसिएशन

अधिबक्ता रजिता थापा
कानून व्यवसायी महिला समिति ललितपुर जिल्ला बार एशोसिएशन

अधिबक्ता गिता तिम्सिना
कानून व्यवसायी महिला समिति भक्तपुर जिल्ला बार एशोसिएशन